(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७३।९।७

<u>संशोधन गर्ने ऐन</u>

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ — २०७५।११।१९

संवत् २०७३ सालको ऐन नं. २१

<u>सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३" रहेको छ।

(२) यस ऐनको दफा ४, ६ र ७ सम्वत् २०७३ साल साउन १ गते देखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले राष्ट्रिय सभाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपसभामुख" भन्नाले प्रतिनिधि सभाको उपसभामुख सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय सभाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले सभामुख, अध्यक्ष, विपक्षी दलको नेता, सत्ता पक्षको नेता, सत्ता पक्षको मुख्य सचेतक, उपसभामुख,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उपाध्यक्ष, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक, दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र सभापति सम्झनु पर्छ र सो शब्दले व्यवस्थापिका–संसदका पदाधिकारीलाई समेत जनाउँछ ।

(ङ) "विपक्षी दलको नेता" भन्नाले देहाय बमोजिमका दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्छः–

(१) मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दलहरुमध्ये सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएका एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रतिनिधि सभा वा राष्ट्रिय सभाका सबै भन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको कुनै पनि दल नभएमा प्रतिनिधि सभा वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

राष्ट्रिय सभाको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल, वा

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल ।

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रतिनिधि सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रतिनिधि सभा वा राष्ट्रिय सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(च) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रतिनिधि सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(छ) "सत्ता पक्षको नेता" भन्नाले सत्ता पक्षको तर्फबाट राष्ट्रिय सभामा सरकारी कार्य सञ्चालन गर्न प्रधानमन्त्रीद्वारा मनोनीत मन्त्री बाहेकका राष्ट्रिय सभाको कुनै सदस्य सम्झनु पर्छ ।

(ज) "सत्ता पक्षको मुख्य सचेतक" भन्नाले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(झ) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले प्रतिनिधि सभामा बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रतिनिधि सभामा दश प्रतिशत

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भन्दा बढी सदस्य भएको सत्तामा सहभागी दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(ञ) "दलको प्रमुख सचेतक" भन्नाले प्रतिनिधि सभामा दशजना भन्दा बढी सदस्यहरु रहेको दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(ट) "सत्ता पक्षको सचेतक" भन्नाले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ।

(ठ) "विपक्षी दलको सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रतिनिधि सभामा विपक्षी दलको सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्छ ।

(ड) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रतिनिधि सभा वा राष्ट्रिय सभाका सदस्य सम्झनु पर्छ र सो शब्दले व्यवस्थापिका संसदका सदस्यलाई समेत जनाउँछ ।

(ढ) "सभापति" भन्नाले प्रतिनिधि सभा वा राष्ट्रिय सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(ण) "सभामुख" भन्नाले प्रतिनिधि सभाको सभामुख सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले प्रतिनिधि सभा वा राष्ट्रिय सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले संसदको दुवै सदनको संयुक्त समितिलाई समेत जनाउँछ ।

३. पारिश्रमिकः (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनयन भएको मिति देखि अनुसूची–१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा विशेष भत्ता पाउने छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तर यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका पदाधिकारी र सदस्यले यो ऐन प्रारम्भ भएको मिति देखि मात्र यस दफा बमोजिमको पारिश्रमिक पाउने छन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रतिनिधि सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

(४) योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको थप रकम दिइने छैन ।

४. पदाधिकारी र सदस्यहरुको भत्ता: (१) पदाधिकारी र सदस्यलाई सङ्घीय संसदको कुनै सदन वा कुनै समिति वा उपसमिति वा दुवै सदनको संयुक्त बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ ।

तर सदन र समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक दिनको मात्र भत्ता पाउनेछ । सदन र समितिको बैठक बापत छुट्टाछुट्टै भत्ता दिइने छैन ।

(२) सङ्घीय संसदको कुनै सदनको अधिवेशन आरम्भ हुँदा त्यस्तो सदनको बैठक वा सदनको अधिवेशन नभएको अवस्थामा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिने पदाधिकारी वा सदस्यलाई बैठक प्रारम्भ

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

हुनु भन्दा तीन दिन अघि देखि र बैठक अन्त्य भएको तीन दिन पछिसम्म प्रत्येक दिनको लागि उपदफा (१) बमोजिमको दरले भत्ता दिइनेछ ।

तर सदन वा समितिको बैठकको प्रारम्भमा अनुपस्थित रहेको पदाधिकारी वा सदस्यले उपस्थित भएको दिन भन्दा तीन दिन अघि देखिको मात्र भत्ता पाउनेछ ।

(३) आफ्नो स्थायी बासस्थानबाट संसदको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यलाई दफा ९ बमोजिमको भत्ता दिइनेछ ।

तर कुनै पदाधिकारी वा सदस्य निर्वाचित भएको क्षेत्र र निजको स्थायी बासस्थान भएको क्षेत्र भिन्ना भिन्नै भएमा ती दुई स्थानमध्ये कुनै एक स्थानबाट आउँदा जाँदा त्यस्तो भत्ता दिइनेछ ।

५. <u>निजी सचिवालय र कर्मचारीको व्यवस्था:</u> (१) आफ्नो कार्यकालभरको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची–२ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा पाउनेछ ।

(२) पदाधिकारीलाई निजको कार्यकालभरको निमित्त आवश्यक फर्निचर र अनुसूची–२ मा उल्लेख भए बमोजिमका अन्य मालसामानहरु उपलब्ध गराइनेछ । त्यसरी उपलब्ध गराइएको फर्निचर र मालसामानहरु निजले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

तर कुनै पदाधिकारीलाई फर्निचर उपलब्ध नगराइएमा फर्निचर सम्बन्धी व्यवस्था गर्न दफा ६ को उपदफा (६) बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) निजी सचिवालयको लागि कार्यालय सञ्चालन र मसलन्द तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची–२ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

६. <u>आवास सुविधा:</u> (१) पदाधिकारी र सदस्यलाई आवासको निमित्त नेपाल सरकारको तर्फबाट सरकारी घरको बन्दोबस्त गरिनेछ । त्यस्तो घरको बन्दोबस्त नभएकोमा पदाधिकारी र काठमाडौं उपत्यकामा घर नभएका



कानून न्याय संसदीय मामिला मन्त्रालय

प्रत्येक सदस्यलाई मासिक रुपमा अनुसूची–१ बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यकामा घर हुने पदाधिकारी वा सदस्यलाई आवास मर्मत र सम्भार बापत सो उपदफा बमोजिमको रकमको आधा रकम दिइनेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारको तर्फबाट बन्दोबस्त भएको घरको मर्मत र सम्भार नेपाल सरकारले गर्नेछ ।

(४) उपदफा (१) बमोजिम आवास सुविधा बापत रकम उपलब्ध गराइएकोमा पदाधिकारीलाई निजी सचिवालय तथा गार्डघर बन्दोबस्त गर्न अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(५) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्म पाउनेछ ।

(६) उपदफा (१) बमोजिम नेपाल सरकारबाट आवास सुविधा बन्दोबस्त नभएमा वा दफा ५ को उपदफा (२) बमोजिम फर्निचरको व्यवस्था नगरिएकोमा पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि सङ्घीय संसदको एक कार्यावधिको निमित्त अनुसूची–१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाइसकेको भए निजलाई सङ्घीय संसदको सोही कार्यावधिभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा दिइने छैन ।

७. सवारी साधन तथा इन्धन सुविधाः (१) प्रत्येक पदाधिकारीलाई सवारी साधन एक र अनुसूची–१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम पदाधिकारीले प्राप्त गरेको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।

कानून किताब व्यवस्था समिति

(३) पदाधिकारीले यस दफा बमोजिम पाउने सवारी साधन आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम पदाधिकारीलाई उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार नेपाल सरकारको तर्फबाट गरिनेछ ।

(५) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई सङ्घीय संसदको कुनै सदनको वा कुनै समिति वा उपसमितिको वा दुवै सदनको संयुक्त बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ ।

८. बिजुली, धारा र सञ्चार सुविधाः (१) सभामुख र अध्यक्षको आवासमा जडान गरिएको बिजुली तथा धाराको पूरै महसुल र एउटा इन्टरनेट सहितका दुईवटा टेलिफोन लाइन जडान गर्न लाग्ने धरौटी तथा अन्य खर्च र टेलिफोनको जरिवाना बाहेकको पूरै महसुल नेपाल सरकारले व्यहोर्नेछ ।

(२) सभामुख र अध्यक्ष बाहेक अन्य पदाधिकारी र सदस्यलाई सरकारी घर बन्दोबस्त भएकोमा त्यस्तो घरमा जडान गरिएको बिजुली, धारा, इन्टरनेट सहित टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची–१ बमोजिमको एकमुष्ट रकम उपलब्ध गराइनेछ ।

(३) सभामुख र अध्यक्ष बाहेक अन्य पदाधिकारी र सदस्यलाई सरकारी घर बन्दोबस्त हुन नसकेमा निज बसेको आवासमा इन्टरनेट सहित एउटा टेलिफोन लाइन जडान गर्न लाग्ने धरौटी तथा अन्य खर्च नेपाल सरकारले व्यहोर्नेछ र त्यस्तो आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको महसुल बापत उपदफा (२) बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(४) पदाधिकारी वा सदस्यको आवास परिवर्तन गर्नु पर्दा टेलिफोन लाइन सार्न लाग्ने जडान खर्च सङ्घीय संसदको एक कार्यावधिमा बढीमा दुई पटकको लागि नेपाल सरकारले व्यहोर्नेछ ।

(५) यस दफा बमोजिम टेलिफोन पाउने पदाधिकारी वा सदस्य अयोग्यताको कारणले बाहेक अन्य कुनै कारणले सङ्घीय संसदको सदस्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कायम नरहेमा पनि सदस्यता कायम नरहेको मितिले छ महिना भित्र निजले चाहेमा उक्त टेलिफोन लाइन जडान गर्दा लागेको धरौटी रकम बुझाई सो टेलिफोन आफ्नो स्वामित्वमा राख्न सक्नेछ ।

९. दैनिक तथा भ्रमण भत्ता: सङ्घीय संसदको कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१०. नेता भत्ता: पदाधिकारी वा सदस्यले प्रतिनिधि मण्डलको नेताको रुपमा विदेश जाँदा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप रकम नेता भत्ता बापत पाउनेछ ।

११. बिल भरपाई इत्यादि पेश गर्नु पर्ने: (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोस प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई सङ्घीय संसदको सचिवालयले उपलब्ध गराउनेछ ।

१२. दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउने: समितिको बैठक चलिरहेको समयमा सदनको बैठक प्रारम्भ हुने कुराको वा सदनको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सदन वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सदन वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको सदन वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ ।

१३. राहदानी सुविधाः सङ्घीय संसदको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यलाई कुटनीतिक राहदानी दिइनेछ ।

१४. उपचारको व्यवस्थाः (१) पदाधिकारी र सदस्यलाई उपचारको निमित्त सङ्घीय संसदको सचिवालयमा वरिष्ठ चिकित्सकको निःशुल्क सेवा उपलब्ध गराइनेछ ।

(२) अस्पतालमा उपचार गर्नु पर्ने भनी उपदफा (१) बमोजिमको चिकित्सकले सिफारिस गरेको पदाधिकारी वा सदस्यले अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च सङ्घीय संसदको सचिवालयले व्यहोर्नेछ ।

तर आकस्मिक अवस्था परी अस्पतालमा भर्ना हुनु परेमा वा उपत्यका बाहिर रहेको अवस्थामा अस्पताल भर्ना हुनु परेमा त्यस्तो चिकित्सकको सिफारिस आवश्यक पर्ने छैन । त्यसरी अस्पताल भर्ना भएको कुरा सङ्घीय संसदको सचिवालयलाई यथासम्भव छिटो माध्यमद्वारा जानकारी दिनु पर्नेछ ।

१५. कार्यालय सुविधाः (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न सङ्घीय संसदको सचिवालयमा कार्यकक्ष उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा आवश्यक फर्निचर, कम्प्यूटर र टेलिफोन उपलब्ध गराइनेछ ।

१६. अस्थायी समितिको सभापति तथा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधाः (१) कुनै खास प्रयोजनका लागि प्रतिनिधि सभा वा राष्ट्रिय सभामा अस्थायी प्रकृतिको कुनै समिति गठन गरिएमा त्यस्तो समितिको सभापति र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउने छन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सभापतिलाई सवारी चालक सहितको सवारी साधन एक र सभापतिलाई दिइने सरहको इन्धन सुविधा दिइनेछ र अन्य सदस्य तथा उपसमितिको संयोजक र सदस्यलाई

कानून तथा संसदीय मामिला मन्त्रालय

दफा ७ को उपदफा (५) बमोजिम यातायात सुविधा बापत तोकिए बमोजिमको रकम दिइनेछ ।

१७. दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा: (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुख वा अध्यक्षलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारक उपलब्ध गराइनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः–

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

(ग) लुगा भत्ताः अनुसूची–१ बमोजिम ।

१८. पेश्की: (१) पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी बढीमा तीन महिनासम्मको पेश्की पाउन सक्नेछ।

तर,

(१) कुनै पदाधिकारी वा सदस्यलाई कडा रोग लागि विदेशस्थित अस्पतालमा उपचार गराउनु पर्ने ठहरिएमा वा यस्तै कुनै विशेष परिस्थिति परेकोछ भन्ने कुराको औचित्यपूर्ण आधार देखिएमा सभामुख वा अध्यक्षको स्वीकृति लिई सङ्घीय संसदको सचिवालयले त्यस्तो पदाधिकारी वा सदस्यलाई बढीमा एक वर्षको पारिश्रमिक रकम पेश्की दिन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजेटबाट निकासा भएको रकमले नभ्याउने भएमा वा तीन महिना अगावै निजको कार्यकाल समाप्त हुने देखिएमा अवस्था अनुसार पेश्की नदिन वा कम अवधिको लागि मात्र पेश्की दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको पेश्की रकम फछ्र्यौट नभएसम्म पदाधिकारी वा सदस्यले पाउने मासिक पारिश्रमिक वा आवास सुविधाको पूरै रकम कट्टा गरी फछ्र्यौट गरिनेछ ।

(३) यस दफा बमोजिम पेश्की लिने पदाधिकारी वा सदस्य कुनै कारणले सङ्घीय संसदको सदस्य कायम नरहेमा निजसँग लिन बाँकी रहेको रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

तर पारिश्रमिक पेश्की लिने कुनै पदाधिकारीको पेश्की फर्छ्यौट हुनु अगावै मृत्यु भएमा निजसँग लिन बाँकी रहेको पारिश्रमिक पेश्की रकम मिनाहा हुनेछ ।

१९. आर्थिक सहायताः (१) कुनै पदाधिकारी वा सदस्यको पदावधि कायम रहेकै अवस्थामा मृत्यु भएमा नेपाल सरकारले निजको परिवारलाई अनुसूची–१ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउनेछ ।

(२) कुनै पदाधिकारी वा सदस्य कुनै कारणबाट शारीरिक वा मानसिक रुपमा अशक्त भई सङ्घीय संसदको सदस्य रहिरहन असमर्थ भएमा त्यस्तो पदाधिकारी वा सदस्यलाई अशक्तता बापत अनसूची–१ बमोजिमको आर्थिक सहायता उपलब्ध गराइनेछ ।

२०. पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम सङ्घीय संसदको सचिवालयबाट पाउनेछन् ।

तर कुनै पदाधिकारी वा सदस्यले सङ्घीय संसदको सचिवालयको परामर्शमा कुनै बैङ्कमा खाता खोली आफूले पाउने पारिश्रमिक, भत्ता वा अन्य सुविधा बापतको रकम त्यस्तो खातामा जम्मा गरी दिन लिखित सूचना

दिएमा सङ्घीय संसदको सचिवालयले त्यस्तो रकम त्यस्तो खातामा जम्मा गरी दिनेछ ।

२१. <u>भत्ता नपाउने:</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सदनबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउने छैन ।

(२) कुनै पदाधिकारी दुई वटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले कुनै एक पदको सुविधा मात्र पाउनेछ ।

२२. <u>सुरक्षाको व्यवस्था:</u> पदाधिकारीको सुरक्षाको निमित्त नेपाल सरकारले अनुसूची–२ मा उल्लेख भए बमोजिमको सुरक्षा कर्मचारीको व्यवस्था गर्नेछ ।

२३. <u>यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा उपलब्ध गराइने:</u> यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको व्यवस्थापिका–संसदका पदाधिकारी र सदस्यलाई यसै ऐन बमोजिमको पारिश्रमिक र सुविधा उपलब्ध गराइनेछ ।

२४. <u>एउटा सुविधा मात्र पाउने:</u> सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये एउटा सुविधा मात्र पाउनेछ ।

२५. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

२६. <u>खारेजी र बचाउ:</u> (१) संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ खारेज गरिएको छ ।

(२) संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ बमोजिम भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१

(➢दफा ३,४,६,७,८,१७ र १९ सँग सम्बन्धित)

### पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | सभामुख र अध्यक्ष | प्रतिनिधि सभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष | राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक | विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति | दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. | ६७,३२०।– | ६०,९७०।– | ६०,९७०।– | ६०,९७०।– | ५७,७८०।– | ५५,२३०।– |
| २. | विशेष भत्ता | प्रति महिना रु. | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– |
| ३. | बैठक भत्ता | प्रति दिन रु. | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– | १,०००।– |
| ४. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ३,०००।– | ३,०००।– | ३,०००।– | ३,०००।– | ३,०००।– | ३,०००।– |
| ५. | आवास सुविधा | प्रति महिना रु. | २८,२७५। | २५,६०८।– | २५,६०८।– | २५,६०८।– | २४,२६८।– | १८,०००।– |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | फर्निचर खर्च | एकमुष्ट रु. | १५,०००।– | १५,०००।– | १५,०००।– | १५,०००।– | १५,०००।– | १५,०००।– |
| ७ | निजी सचिवालय वन्दोवस्त | प्रति महिना रु. | २,०००।– | १,७५०।– | १,७५०।– | १,७५०।– | १,२००।– | – |
| ८. | गार्डघर | प्रति महिना रु. | २,०००।– | १,७५०।– | – | १,७५०।– | – | – |
| ९. | सवारी इन्धन | प्रति महिना लिटर | २५० | २३० | २३० | २०० | १५० | – |
| १०. | मोविल | त्रैमासिक लिटर | १० | ५ | ५ | ५ | ५ | – |
| ११. | यातायात सुविधा | प्रति दिन रु. | – | – | – | – | – | १,०००।– |
| १२. | बिजुली, धारा | प्रति महिना रु. | बिल अनुसार | २,०००।– | २,०००।– | २,०००।– | २,०००।– | २,०००।– |
| १३. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | ३,०००।– | २,५००।– | २,५००।– | २,५००।– | २,५००।– | २,५००।– |
| १४. | यात्रा बिमा | प्रति भ्रमण रु. | १०,००,०००।– | १०,००,०००।– | १०,००,०००।– | १०,००,०००।– | १०,००,०००।– | १०,००,०००।– |
| १५. | परिचारकलाई लुगा भत्ता (दृष्टिविहिन वा | वार्षिक रु. | ४,०००।– | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक रुपले अशक्त पदाधिकारीका साथ रहने परिचारकलाई समेत) | | | | | | | |
| १६. | मृत्यु भएको पदाधिकारी वा सदस्यको परिवारलाई आर्थिक सहायता | एकमुष्ट रु. | २,००,०००।– | २,००,०००।– | २,००,०००।– | २,००,०००।– | २,००,०००।– | २,००,०००।– |
| १७. | अशक्त भएको पदाधिकारी वा सदस्यलाई आर्थिक सहायता एकमुष्ट रु. | ५०,०००।– | ५०,०००।– | ५०,०००।– | ५०,०००।– | ५०,०००।– | ५०,०००।– | ५०,०००।– |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# अनुसूची–२

(दफा ५ र २२ सँग सम्बन्धित)

## पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा

निजी सचिवालय

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | सभामुख र अध्यक्ष | प्रतिनिधि सभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष | राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र सत्ता पक्षको मुख्य सचेतक | विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति | दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.प्र.) | जना | १ | – | – | – | – | – |
| २. | स्वकीय सचिव (रा.प.द्वि.) | जना | १ | १ | १ | १ | १ | – |
| ३. | स्वकीय सचिव (रा.प.तृ.) | जना | १ | – | – | – | – | १ |
| ४. | कम्प्यूटर अप्रेटर | जना | १ | १ | १ | १ | – | – |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (रा.प.अ.प्र.) | | | | | | |
| ५. | सवारी चालक (प्रथम स्तर) | जना | २ | २ | २ | २ | २ | – |
| ६. | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | २ | २ | १ | १ | १ | – |
| ७. | प्रिन्टर सहितको कम्प्यूटर | गोटा | १ | १ | १ | १ | – | – |
| ८. | साईकल | गोटा | २ | २ | १ | १ | १ | – |
| ९. | अतिथि सत्कार | प्रति महिना रु. | २५,००।– | २,०००।– | २,०००।– | १७,००।– | १५,००।– | १,०००।– |
| १०. | अंग रक्षक, पदिक | जना | १ | १ | – | – | – | – |
| ११. | अंग रक्षक, प्रहरी (सहायक निरीक्षक) | जना | – | – | – | १ | – | – |
| १२. | विल्लादार गार्ड | जना | १ | १ | – | – | – | – |
| १३. | हेड प्रहरी कन्सटेवल | जना | – | – | – | १ | – | – |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४. | सैनिक जवान (सिपाही) | जना | १० | १० | – | – | – | – |
| १५. | प्रहरी जवान | जना | – | – | – | ४ | – | – |

<u>द्रष्टव्यः</u>

१. स्वकीय सचिवालयका कर्मचारीहरुले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैङ्क खातामा उपलब्ध गराइनेछ ।

*(मिति २०८१।१०।२७ गते अद्यावधिक गरेको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय